१) आजको बैठकमा प्रमुख जिल्ला अधिकारीबाट बैठकमा छलफलका विषयवस्तुका विषयमा प्रस्तुती गर्नु भयो। जिल्लामा विपदजन्य घटनाको अवस्था, विपद व्यवस्थापनका लागि पूर्व तयारी अवस्था, सरोकारवाला निकायले आगामी दिनमा खेल्नु पर्ने भूमिकाका सम्बन्धमा प्रस्तुती भै सो उपर छलफल गरियो ।

२) चैत्र,वैशाख र जेष्ठ महिना आगलागीको वढी जोखिमको समय/ मौसम हो । हाल लामो समयसम्म आकाशको पानी नपरेकोले गर्दा पनि वन डढेलोको जोखिम बढेको छ । यस जिल्लामा वन डढेलोको जोखिमका क्षेत्रको नक्साङ्कन, डढेलो तथा आगलागीबाट गत विगत वर्ष र चालु आ.व. २०८१/०८२ को हालसम्म भएको क्षती अवस्थाका विषयमा छलफल गरियौं । वन डढेलो एवं आगलागी नियन्त्रण गर्न निम्न कार्यहरु गर्ने निर्णय गरियो ।

क) वन डढेलो/आगलागी हुन नदिन सचेतनामूलक कार्यक्रमलाई अभियानको रुपमा अगाडी वढाउने

ख) आगलागी/वनडढेलोको नियन्त्रण गर्न आगामी २.५ महिनाको लागि स्थानीय तहले चारपाङ्ग्रे सवारी साधन(पहाडी कच्ची वाटोमा समेत गुड्न सक्ने खालको) एक थान भाडामा लिने,पानी ट्याङ्कर वा हिल ट्याङ्कीमा पानी सङ्कलन गरी राख्ने, ४-५ जना वन हेरालु/फायर फाईटर परिचालन गर्ने, वन डढेलो नियन्त्रणको कार्यमा खटिने सुरक्षाकर्मीलाई खाजा खानाको व्यवस्था मिलाउने। आगलागी वन डढेलो नियन्त्रणका सामाग्री तयारी चुस्त दुरुस्त अवस्थामा राख्ने ।

ग) आगामी आ.व.२०८२/०८३ को स्थानीय तहको वजेटमा विपद व्यवस्थापनका लागि प्रर्याप्त वजेट विनियोजन गर्ने, स्थानीय तहले एक्लै वा दुई वा दुई भन्दा वढी स्थानीय तहले लागत साझेदारीमा दमकल खरिद गरी सो संचालनको मोडालिटी निर्माण गर्ने ।

घ) आगलागी/वनडढेलो नियन्त्रण गर्न सामुदायिक वन उपभोक्ता समितिलाई सक्रिय वनाई परिचालन गर्ने, समूहले सामुदायिक वनमा रहेको झारपात, पातपतिङ्गर हटाउने, अग्निरेखा बनाउने, सामुदायिक वनमा रहेका विक्रि गर्नु पर्ने काठलाई यथाशीघ्र विक्रि गर्ने, वनमा ढले पढेका रुखहरु हटाउने, सम्भव भएसम्म आगामी २.५ महिनाको लागि स्थानीय तहले चारपाङ्ग्रे सवारी साधन(पहाडी कच्ची वाटोमा समेत गुड्न सक्ने खालको) एक थान भाडामा लिने,पानी ट्याङ्कर वा हिल ट्याङ्कीमा पानी सङ्कलन गरी राख्ने, ४-५ जना वन हेरालु/फायर फाईटर परिचालन गर्ने ।

ङ) हेलचक्र्याईं वा लापरवाही गरी मनलाग्दी गर्ने व्यक्तिलाई कानुनी कारवाहीको दायरामा ल्याउन सुचना संयन्त्र वलियो बनाई सुचना संप्रेषण गर्ने र गैरकानूनी रुपमा वन डढेलो गर्ने व्यक्तिलाई कानुनी कारवाही गर्ने ।

च) जिल्ला स्थित सुरक्षा निकायले विपद व्यवस्थापनको सामाग्री सहित सुरक्षा निकायलाई चुस्त दुरुस्त रुपमा तयारी अवस्थामा राख्ने ।

३) मनसुनजन्य विपद र अन्य विपदबाट घर पूर्ण रुपमा नष्ट भएका व्यक्तिहरुलाई निजी आवास पूनर्निर्माण गर्ने सम्बन्धि मापदण्ड र कार्यविधि वमोजिम स्थानीय तहले आवश्यक कागजात यथासिघ्र System मा Upload गर्ने र सो को जानकारी जिल्ला प्रशासन कार्यालयमा पठाउने, जिल्ला प्रशासन कार्यालयले प्रदेश सरकार र संघ सरकारसँग समन्वय गरी शीघ्र अनुदान रकम स्थानीय तहमा पठाउने, हाल संघ सरकारबाट किस्ता वापत प्राप्त लाभग्राही अनुदानमा प्रदेश सरकारबाट आगामी १५ दिन भित्र अनुदान प्राप्त नभएका संघ र स्थानीय तहको साझेदारीको रकम मात्र भए पनि स्थानीय विपद व्यवस्थापन कोषमा उपलब्ध गराउने ।

४) विपद संवेदनसिल सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड,२०८१ का प्रावधानका विषयमा प्र.जि.अ.बाट बैठकमा जानकारी गराई सो उपर छलफल गरियो । अबदेखि विपदबाट भएको क्षेतीका आधारमा पिडित पक्ष/लाभग्राहीलाई दिईने सबै प्रकारको सहायता स्थानीय विपद व्यवस्थापन कोषबाट मात्र भुक्तानी दिन मिल्ने विषय बैठकमा जानकारी गराईयो ।

५) नेपाल विपद प्राधिकरणवाट प्राप्त विपद प्रभावित नीजि आवास प्रबलिकरण, पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०८१ र विपदवाट प्रभावित घर परिवारलाई अस्थाई आवास निर्माण अनुदान मापदण्ड, २०८१ का प्रावधानका बिषयमा बैठकमा जानकारी गराईयो । यी कार्यविधिमा उल्लेख भए बमोजिम विपद व्यवस्थापनको व्यवस्था स्थानीय तह, जिल्ला विपद व्यवस्थापन समितिवाट गर्ने निर्णय गरियो ।

६) पूर्वखोला गाउँपालिकाको पत्रानुसार विपदबाट घर पूर्ण रुपमा क्षेती भएका देहाय वमोजिम २२ जना लाभग्राहीका नाम अनुमोदन गरी सो को सिफारिस लुम्बिनी प्रदेश सरकारको आन्तरिक मामिला तथा कानुन मन्त्रालय र नेपाल विपद प्राधिकरणमा पठाउने । ति लाभग्राहीलाई निजी

आवास पूननिर्माणको कार्य गर्न नियमानुसार पठाउनु पर्ने रकम उपलब्ध गराउन नेपाल विपद प्राधिकरण र आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा अनुरोध गर्ने ।

**प्रबलीकरणका लाभग्राहीको विवरण:**

| सर्वेक्षण दर्ता नम्बर | घर मालिक(हरु) | जिल्ला | स्थानिय तह | वार्ड नम्बर | सर्वेक्षणकर्ता |
|---|---|---|---|---|---|
| ३१४४-११-५२ | Jag Bahadur Jargha Magar | Palpa | Purbakhola Rural Municipality | ५ | purbakhola_mun |

**पुनर्निर्माणका लाभग्राही विवरण:**

| सर्वेक्षण दर्ता नम्बर | घर मालिक(हरु) | जिल्ला | स्थानिय तह | वार्ड नम्बर | सर्वेक्षणकर्ता |
|---|---|---|---|---|---|
| ३१४४-५-५ | Santabir Darlami | Palpa | Purbakhola Rural Municipality | ६ | purbakhola_mun |
| ३१४४-८-३ | Manmaya Pun | Palpa | Purbakhola Rural Municipality | ५ | purbakhola_mun |
| ३१४४-१०-१ | Durga Prasad Bishwokarma | Palpa | Purbakhola Rural Municipality | १ | purbakhola_mun |
| ३१४४-५-१ | Narmati Saru | Palpa | Purbakhola Rural Municipality | ६ | purbakhola_mun |
| ३१४४-५-२ | Teman Sing Saru | Palpa | Purbakhola Rural Municipality | ६ | purbakhola_mun |
| ३१४४-५-३ | Bhim Bahadur Rana Magar | Palpa | Purbakhola Rural Municipality | ६ | purbakhola_mun |
| ३१४४-५-४ | Pahal Sing Gharti Magar | Palpa | Purbakhola Rural Municipality | ६ | purbakhola_mun |
| ३१४४-६-१ | Dilli Raj Dhakal | Palpa | Purbakhola Rural Municipality | १ | purbakhola_mun |

| | | | | | |
|---|---|---|---|---|---|
| No १ ३ | Kul Bahadur Ruchal | Palpa | Purbakhola Rural Municipality | २ | purbakhola_mun |
| २ २ २ | Tek Bahadur Thada | Palpa | Purbakhola Rural Municipality | २ | purbakhola_mun |
| ३१४४-११-६ | Ashok Bishwokarma | Palpa | Purbakhola Rural Municipality | ५ | purbakhola_mun |

७) मिति २०८१/०९/११ गतेदेखि हालसम्म विपदजन्य घटनामा परी जिल्ला प्रशासन कार्यालयबाट आगलागीबाट घर जली नष्ट भै राहत स्वरुप उपलब्ध गराईएको १ जना लाभग्राहीको रकम रु १५ हजारलाई अनुमोदन गर्ने निर्णय गरियो ।

८) कोभिड-१९ बाट मृत्यु भएका मृतकका नजिकका हकदारलाई लुम्बिनी प्रदेश सरकार,स्वास्थ्य मन्त्रालयबाट राहत स्वरुप रु १ लाख उपलब्ध गराउने गरी १५ जनाका लागि रु १५ लाख वजेट विनियोजन गरिएकोमा जिल्ला प्रशासन कार्यालय वाट १२ जनाका लागि रु १२ लाख भुक्तानी भैसकेको बैठकमा जानकारी गराईयो ।भुक्तानी हुन बाँकी ३ जनाको निम्न व्यक्तिहरु पहिचान गरी नजिकका हकदारलाई राहत रकम भुक्तानी लिन सम्पर्क राख्न आउन आवश्यक समन्वय र सहजीकरण गर्ने कार्य सम्बन्धित स्थानीय तहले गर्ने ।

| सि.नं. | मृतकको नाम | उमेर | ठेगाना |
|---|---|---|---|
| १ | ज्ञान बहादुर राना | बर्ष ७७ | रामपुर नगरपालिका |
| २ | जाहुल अली | बर्ष २७ | रामपुर नगरपालिका |
| ३ | धन बहादुर नेपाली | बर्ष ३८ | रैनादेवी छहरा गाउँपालिका |

९) नेपाल रेडक्रस सोसाईटी पाल्पा शाखाको लागि तानसेन नगरपालिका वार्ड न १ भुसलडाँडामा रहेको रक्त सञ्चार केन्द्र सहित कार्यालय भवन निर्माणाधिन अवस्थामा रहेकोमा चालु आ.व.२०८१/०८२ को वजेटबाट भवन अधुरो रहने भएकोले उक्त भवन निर्माण सम्पन्न गर्न लाग्ने वजेट करिब रु १ करोड ५० लाख आगामी आ.व. २०८२/०८३ मा उपलब्ध गराउन अर्थ मन्त्रालय,सहरी विकास मन्त्रालय र स्वास्थ्य तथा जनासंख्या मन्त्रालय मा सिफारिस गर्ने निर्णय गरियो ।

१०) नेपाल रेडक्रस सोसाईटी पाल्पा शाखाको रक्त सञ्चार केन्द्र सञ्चालन गर्न स्थानीय तहबाट चालु आ.व ०८१/०८२ मा विनियोजित वजेटको रकम निकासा प्रबन्धका सम्बन्धमा छलफल गरियो ।सो सम्बन्धमा नेपाल रेडक्रस सोसाईटीले विपद जन्य घटनामा सहयोग गर्ने र रक्तसेवा मार्फत मानिसको जीवन वचाउन अमूल्य सहयोग गर्ने हुँदा यस्तो सामाजिक र स्वयंसेवी एवं गैरनानाफामूलक संस्थामा सहयोग गर्न उचित एवं आवश्यक हुने देखिएकोले नियमानुसारको प्रक्रिया अवलम्बन गरी निकासा प्रकिया अगाडी वढाउन स्थानीय तहहरुलाई अनुरोध गर्ने ।

११) यस जिल्लाका सबै स्थानीय तहले विद्यालय र स्थानीय समुदायसँग समन्वय गरी नेपाल रेडक्रस सोसाईटी र नेपाल स्काउट गठन गरी विपदजन्य घटनामा तत्काल खटाउन सक्ने गरी तयारी अवस्थामा राख्ने र जिल्ला स्थित सुरक्षा निकायले तालिम प्रदान गरी क्षमता अभिवृद्धि गर्ने ।

१२) मिति २०८१/१२/१९ गते लुम्बिनी प्रदेश विपद परिषदको बैठकमा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा जिल्ला सुरक्षा समितिका सदस्यहरुले भाग लिई जिल्लामा विपदजन्य घटना र क्षतीको अवस्था,पूर्व तयारीको अवस्था, आगामी दिनमा गर्नुपर्ने काम र प्रदेश सरकारसँगको अपेक्षाको सम्बन्धमा प्रमुख जिल्ला अधिकारीबाट प्रस्तुती भै सो उपर छलफल भएको व्यहोरा बैठकमा जानकारी गराईयो ।तानसेन नगरपालिका वार्ड नं. ५ को कैलाशनगरमा श्रीनगर होटलको दक्षिणतर्फ अप्पु भिलेजको उत्तरतर्फको पहिरोबाट सडक, सुकुम्बासी वस्ती र अन्य वस्ती समेत उच्च जोखिममा रहेको र तत्कालै उक्त पहिरो नियन्त्रण गर्न वाल प्रोटेक्सनको कार्य गर्नु पर्ने भएकोले प्रदेश विपद परिषद्बाट विनियोजित वजेट र नगरपालिकाको वजेट समेतबाट उपभोक्ता समितिबाट यथाशीघ्र काम सुरु गरी आगामी मनसुन/वर्षातको समय अगावै उक्तकाम सम्पन्न गर्न तानसेन नगरपालिकालाई अनुरोध गर्ने ।

२०८१/१२/२१

आज मिति २०८१ साल चैत्र २१ गते  जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष एव्म प्रमुख जिल्ला अधिकारी श्री तोय नारायण सुवेदीको अध्यक्षतामा जिल्ला विपद् व्यवस्थापन समितिको बैठक देहायको उपस्थितिमा बसी निम्न बमोजिम निर्णय गरियो ।

<u>उपस्थिति :</u>

| क्र.सं. | पद | नामथर | कार्यालय/दल /संघ संस्थाको नाम | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | प्र.जि.अ. | श्री तोय नारायण सुवेदी | जिल्ला प्रशासन कार्यालय | |
| २ | प्रमुख | श्री टंक नाथ खानाल | जिल्ला समन्वय समिति | |
| ३ | नगर प्रमुख | [illegible] श्रेष्ठ | तानसेन नगरपालिका | |
| ४ | नगर प्रमुख | रमण बहादुर थापा | रामपुर नगरपालिका | |
| ५ | अध्यक्ष | नुन बहादुर थापा | पूर्वखोला गाउँपालिका | |
| ६ | अध्यक्ष | यम बहादुर चिदी | माथागढी गाउँपालिका | |
| ७ | अध्यक्ष | प्रेम श्रेष्ठ | तिनाउँ गाउँपालिका | |
| ८ | उपाध्यक्ष | हरि प्रसाद पाठक | बगनासकाली गाउँपालिका | |
| ९ | अध्यक्ष | नारायण बहादुर कार्की | रिब्दीकोट गाउँपालिका | |
| १० | अध्यक्ष | रुकमांगत भट्टराई | रैनादेवी छहरा गाउँपालिका | |
| ११ | अध्यक्ष | विष्णु प्रसाद भण्डारी | रम्भा गाउँपालिका | |
| १२ | उपाध्यक्ष | तिरण कुमारी श्रेष्ठ | निस्दी गाउँपालिका | |
| १३ | प्रवक्ता | शोभाकर न्यौपाने | नेपाली कांग्रेस | |
| १४ | अध्यक्ष | ओम बहादुर घर्तीमगर | नेकपा एमाले | |
| १५ | सचिव | मथुरा ढकाल | नेकपा माओवादी केन्द्र | |
| १६ | संयोजक | सुमन गैरे | राष्ट्रिय स्वतन्त्र पार्टी | |

| | | | | |
|---|---|---|---|---|
| १७ | अध्यक्ष | डुल बहादुर कुँवर | राष्ट्रिय प्रजातन्त्र पार्टी | [signature] |
| १८ | अध्यक्ष | अशोक कुमार शाही | नेकपा एकिकृत समाजवादी पार्टी | [signature] |
| १९ | अध्यक्ष | विशाल दर्लामी | राष्ट्रिय जनमोर्चा पार्टी | [signature] |
| २० | स.प्र.जि.अ. | भक्ति सरा राना कर्माचार्य | जिल्ला प्रशासन कार्यालय | [signature] |
| २१ | प्रमुख सेनानी | भुपेन्द्र गुरुङ्ग | दि फेमस महिन्द्र दल गण | [signature] |
| २२ | प्रहरी उपरिक्षक | श्री नरेन्द्र चन्द | जिल्ला प्रहरी कार्यालय | [signature] |
| २३ | उ.अ.नि. | विरेन्द्र सिंह कार्की | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | [signature] |
| २४ | स.प्र.ना.उ | श्री श्याम संगती मर्हजन | स. प्र. बल नेपाल नं.३५ गुल्म, हे.क्वा | [signature] |
| २४ | जि.स.अ. | मुकुन्द शर्मा | जि.स.उ. | [signature] |
| २६ | प्र.का.नि | शशिन्द्र (पन्त) | काली गण्डकी, पाल्पा | [signature] |
| २७ | सि.डि.बे.अ. | नारायणदेव कर्ढ्या | डि.व.का. पाल्पा | [signature] |
| २८ | प्र.प्र.अ. | पितम्बर पाण्डे | ते.त.पा | [signature] |
| २९ | का.प्र. | राकेश पाण्डे | नेपाल टेलिकम | [signature] |
| ३० | क्षे.प्र. | दिलिप मरासैनी | नेपाल विद्युत प्रा. | [signature] |
| ३१ | इन्जिनियर | विपुल गौतम | कालिगण्डकी कोरिडोर | [signature] |
| ३२ | योजना प्रमुख | कल्पना अधिकारी | कालिगण्डकी कोरिडोर | [signature] |
| ३३ | इन्जिनियर | निशा बेल्वासे | सडक डिभिजन, पाल्पा | [signature] |
| ३४ | विपद फोकल पर्सन | दुर्गा प्रसाद पराजुली | तिनाउ गा.पा. | [signature] |
| ३५ | प्र.प्र.अ. | सुन्दर प्र० श्रेष्ठ | पूर्वखोला गा०पा० | [signature] |
| ३६ | " " " | खेमराज घिमाल | बगनासकाली गा.पा. | [signature] |

| क्र.सं. | पद | नामथर | कार्यालय/दल /संघ संस्थाको नाम | हस्ताक्षर |
|---|---|---|---|---|
| ३७ | प्र.प्र.अ. | मानी प्रसाद खनाल | रिब्दीकोट गा.पा. | |
| ३८ | नि.का.प्र. | सरोज पौडेल | भूतथा नक्साघार ०प.का. | |
| ३९ | [illegible] | दिपक पाण्डेय | डि.डी.सी. पाल्पा | |
| ४० | अधिकृत | सुशील ज्ञवाली | ,, ,, | |
| ४१ | प्र.प्र.अ. | कृष्ण प्रसाद ज्ञवाली | रैनादेवी छहरा गा.पा. | |
| ४२ | अध्यक्ष | कमल तिमिल्सेना | नेपाल पत्रकार महासंघ | |
| ४३ | ईन्जिनियर | कृष्ण ब. थापा | रामपुर नगर पालिका | |
| ४४ | का प्र | गोरख ब. पाल | pmamp-PIU | |
| ४५ | सभापति | परशुराम कार्की | रेडक्रस पाल्पा। | |
| ४६ | शा.अ. | हेम शर्मा रिजाल | शिक्षा विकास तथा समन्वय इकाई | |
| ४७ | मे सु | डा. राजेन्द्र ईकनोरा | पाल्पा अस्पताल | |
| ४८ | का.ता.प्रमुख | ध्रुव प्रसाद पाख्रेल | स्वास्थ्य कार्यालय, पाल्पा | |
| ४९ | का.प्र. | वासुदेव भण्डारी | सडक पूर्वाधार विकास का. पाल्पा | |
| ५० | डी.पु. | चन्द्र राना | डिभिजन कार्यालय | |
| ५१ | ई | अजय कर्ण | खानेपानी तथा सरसफाई कार्यालय, पाल्पा | |
| ५२ | ई | प्रजीव अधिकारी | .. | |
| ५३ | स.प.से.प्रा. | गोमा कुमारी आचार्य | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पाल्पा | |
| ५४ | प्र.प्र.अ. | राम प्र. घिमिरे | माथागढी गा.पा. | |
| ५५ | कार्यालय प्रमुख | लक्ष्मण घिमिरे | यातायात व्य. सेवा कार्यालय - पाल्पा | |
| ५६ | प्र.प्र.अ. | बीर ब. पुन | रम्भा गा.पा... | |

| | | | | |
|---|---|---|---|---|
| ५७ | प्र.प्र.अ. | मदन अर्याल | निस्दी गा.पा. | [signature] |
| ५८ | प्र.अ. | रमा श्रेष्ठ | जिल्ला प्रशासन का. | [signature] |
| ५९ | के.पा. | सुर्य प्रसाद गौरे | " " " | [signature] |
| ६० | नासु | चन्द्र प्रसाद ज्ञवाली | " " " | [signature] |
| ६१ | " | सुकुतराज अर्याल | " " | [signature] |
| ६२ | प्र.ह. | कृष्ण बि.के.सी | -\|- -\|- | [signature] |
| ६३ | -\|- | केशर थापा | जि.प्र.का. | [signature] |
| ६४ | प्र.प्र.स.ई. | बिक्रम पहरी | ४२ नं गुल्म पाल्पा | [signature] |
| ६५ | सिपाही | अमृत राना | महेन्द्रदल गण | [signature] |
| ६६ | प्रेस | बिकाश पुन | प्रशासन | [signature] |
| ६७ | का.हि. | हुम बहादुर गाहा | जिल्ला प्रशासन का. | [signature] |
| ६८ | ० | कमल कोइराला | " " - | [signature] |